# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड १) देवदह नगरपालिका, मितिः २०७६/०३/२३ (संख्या १**

## भाग–२

### देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको कार्यविधि नं. १**

**कार्यविधिको नाम : देवदह नगरपालिकाको उप-प्रमुखसँग महिला कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७६/०३/२२

**प्रस्तावना :**

देवदह नगरपालिकालाई महिलामैत्री नगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्युनिकरण गर्नुपर्छ । जबसम्म महिलाहरु

आर्थिक रुपमा सवल र सक्षम हुदैन तव सम्म हिंसाबाट मुक्त हुन सक्दैन भन्ने कुरालाई ध्यानमा राखेर उप-प्रमुख संग महिला कार्यक्रम सन्चालन गर्न लागिएको हो । यो कार्यक्रमले देवदह नगरपालिका भित्र भएका महिलाहरुको क्षमता अभिबृद्धि गरेर उद्यमशिलताको विकास गर्दै सुरक्षाको प्रत्याभूति, भेदभाव उन्मूलन आदि कार्यहरु गराउनको लागि वर्तमान नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन अर्न्तगत प्रस्तुत "उप-प्रमुख संग महिला कार्यक्रम संचालन कार्यबिधि-२०७६" देवदह नगरपालिकाको नगरकार्यपालिकाबाट पारित गरी जारी गरिएको छ ।

१. **प्रारम्भ** : यो कार्यबिधि नगरकार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

   १. "कार्यक्रम" भन्नाले उप-प्रमुख संग महिला कार्यक्रम सम्झनु पर्दछ ।
   २. "कार्यपालिका" भन्नाले देवदह नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।
   ३. "प्रमुख" भन्नाले देवदह नगरपालिकाका प्रमुख लाई सम्झनु पर्दछ ।
   ४. "उप प्रमुख" भन्नाले देवदह नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।
   ५. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।
   ६. "कार्यबिधि" भन्नाले उप-प्रमुख संग महिला कार्यक्रम संचालन कार्यबिधि-२०७६ लाई सम्झनु पर्दछ ।

## ३. कार्यक्रमको उद्देश्य :

१. देवदह नगरपालिकालाई महिलामैत्री नगरपालिका बनाउने ।

२. लैङ्गिक हिंसालाई न्युनीकरण गर्दै पीडित तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने।

३. महिलाहरुको क्षमता अभिबृद्धि गराउदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशीलताको विकास गराउने ।

४. महिलाहरुको समस्त विकास मार्फत जीवनमा सकारात्मक परिर्वतन ल्याउने ।

## ४. कार्यक्रमको क्षेत्र :

१. प्रस्तावनाको उद्देश्य पुरा गर्न निम्न बमोजिमका आधारभुत क्षेत्र तोकिएका छन् ।

(क) चेलीबेटी तथा मानव बेचविखन विरुद्धको सचेतना अभियान सम्वन्धि कार्यक्रम ।

(ख) घरेलु हिंसाका विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी कार्यक्रम ।

(ग) दाईजो विरुद्धको सचेतना कार्यक्रम ।

(घ) स्वास्थ्य पारिवारीक शिक्षाका कार्यक्रम ।

(ङ) लागुऔषध नियन्त्रण कार्यक्रम ।

(च) कानुनी सचेतना कार्यक्रम ।

(छ) एकल महिलाका सम्पत्ति अधिकार ।

(झ) बैबाहीक महिलाको नागरीकता, नाबालकको जन्म दर्ता सम्वन्धी अधिकार ।

(ञ) महिलाको आर्थिक आयआर्जनसंग प्रत्यक्ष सहयोग पुऱ्याउने र उद्यमशीलताको विकास गर्ने सीपमुलक तालिम कार्यक्रम ।

(ट) महिला सशक्तिकरणका लागि विभिन्न सचेतनामूलक तालिम कार्यक्रम ।

## ५. कार्यक्रमका रणनीति :

(क) नियमित फलोअप

(ख) अनुगमन र मुल्यांकन

## ६. संचालक समिति गठन सम्वन्धी व्यवस्था :

६.१. कार्यक्रम संचालनका लागि देहाय बमोजिम आठ सदस्यीय संचालक समिति रहनेछ ।

अध्यक्ष : उप-प्रमुख,

सदस्य : नगर सभाका ६ जना महिला सदस्य

सदस्य सचिव : महिला बालबालिका शाखा प्रमुख, देवदह नगरपालिका

**पुनश्च :** आवश्यकता अनुसार कार्यालयका कर्मचारीलाइ बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

६.२. संचालक समितिमा रहने नगरसभाका ६ जना महिला सदस्यहरुको कार्यकाल १ वर्षको हुनेछ । कार्यकाल समाप्त भएपछि नगरसभाका महिला सदस्यहरु मध्येबाट ६ जना सदस्यहरु संचालक समितमा मनोनित हुनेछन् ।

६.३. संचालक समितिको कार्य जिम्मेवारी :

१. कार्यक्रम संचालन सम्वन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

२. सिप विकास/महिला उद्यमसिलताका कार्यक्रमहरु संचालन नियमन तथा अनुगमन गर्ने ।

३. कार्यक्रमको उद्धेश्य अनुरुप काम गर्ने ।

४. वडास्तरबाट उद्यमसिलता रोजगारी तथा सशक्तीकरण अभिबृद्धि गर्न सिप तथा क्षमता अभिबृद्धि सम्वन्धी तालिमको लागत संकलन गर्ने ।

**७. उप-प्रमुख संग महिला कार्यक्रम अर्न्तगत निम्न कार्यक्रमहरु गरिने छ :**

७.१. खेलकुद, स्वास्थ्य, निर्माण, कृषि, ब्यवसायीक र घरेलु कामहरुलाई लक्षित उद्यमसिलता, रोजगार मुलक, सिपविकास तथा क्षमता अभिबृद्धि तालिम ।

७.२. स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीय स्तरका कृषि जन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु ।

७.३. देवदह नगरपालिका क्षेत्र भित्रका महिला लक्षित कार्यक्रमहरु ।

**८. कार्यक्रम छनोट तथा कार्यान्वयन :**

८.१. महिला संग उप-प्रमुख कार्यक्रम संचालन समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्न सक्ने छ ।

८.२. महिला सशक्तीकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरुसंग समन्वय गरी कार्यक्रमहरु संचालन गर्नेछ ।

८.३. वडा स्तरबाट कार्यक्रम माग भई आएमा संचलक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडी

वढाउन स्वीकृति दिन सक्ने छ । कार्यक्रमको प्रभावकारीताको अनुगमन उप-प्रमुख संग महिला कार्यक्रम संचालन समितिले गर्नेछ ।

८.४ संचालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृति गराएर महिला उद्यमशिलताका लागिअनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्नेछ ।

८.५ विपन्न र अति विपन्नलाई विशेष प्रथामिकता दिने । (एकल, हिंसा पिडित, अपाङ्गता भएका, दलित, आदिवासी जनजाति र सिमान्तकृत महिला) ।

## ९. बैठक सम्वन्धी व्यवस्था :

९.१. समितिको वैठक कम्तिमा ३ महिनाको एक पटक बस्ने छ । तर आवश्यक परेमा अध्यक्षको निर्देशनमा जुनसुकै बेला वैठक आव्हान गर्न वाधा पर्ने छैन ।

## १०. कोष सम्वन्धी व्यवस्था :

१०.१ कार्यक्रम संचालनको लागि आवस्यक वजेटको व्यवस्थापन नगरको नगरसभाले गर्नेछ ।

१०.२ उप प्रमुख संग महिला कार्यक्रम शिर्षकमा नगरसभाबाट विनियोजित रकम मध्येबाट संचालक समितिको निर्णयानुसार कार्यविधि बमोजिम विभिन्न कार्यक्रमहरु संचालन हुनेछन् ।

**११. विविध** : कार्यक्रम संचालनको कार्यविधि संचालक समितिको निर्णय बमोजिम हुनेछ ।

**१२. व्याख्या गर्ने अधिकार** : कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयन सम्वन्धमा कुनै दुविधा परेमा अन्तिम व्याख्या गर्ने अधिकार संचालक समितिमा रहनेछ ।

**१३. संशोधन सम्वन्धी व्यवस्था :** कार्यविधिको कुनै व्यवस्था संसोधन गर्नु परेमा नगरकार्यपालिकाले गर्नेछ ।

**१४. वाधा अड्काउ सम्वन्धी :** कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका सम्वन्धमा वाधा अड्काउ परेमा सो को ब्याख्या गर्ने अधिकार संचालक समितिमा रहने छ ।

**१५. निर्देशन दिन सक्ने :** कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका लागि नगरकार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

प्रमाणीकरण मिति : २०७६/०३/२३

आज्ञाले
शशीधर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत